नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चरिकोट, दोलखा

फोन ०४९-४२११३३
०४९-४२११०४
फ्याक्स नं ०४९-४२१०१८
इमेल:dolakhadao@gmail.com

पत्र संख्या :
चलानी नं. :

मिति: २०८१/०६/१६

**विषय : –** उच्च सतर्कताका लागि अनुरोध ।

जल तथा मौसम विज्ञान विभागको प्रक्षेपण अनुसार आज दिउसो वागमती र कोसी प्रदेशका केही स्थानमा भारी वर्षा एवं आज राती कोसी प्रदेशका केही स्थानमा भारी वर्षाको अनुमान छ। असोज १० देखिको अति भारी वर्षाले धेरै स्थानको जमीन गलेको हुँदा सानो वर्षा थपिँदा समेत ठूलो पहिरो जानसक्ने र कुनै पनि खोलामा एक्कासी बाढी आउन सक्ने जोखिम यथावतै रहेको जानकारी प्राप्त भएको छ।

तसर्थ यात्रारत रहँदा पहिरोको जोखिम हेर्दै सावधानीपूर्वक यात्रा गर्नुहुन, ठूलो पानी पर्न लागेको बेला सुरक्षित स्थानमा सवारी रोकी वर्षा रोकिएपछि मात्रा यात्रा गर्नुहुन र नदी किनाराका बस्तीमा एक्कासी बाढी आउन सक्ने सम्भावनालाई मध्यनजर गरी उच्च सतर्कता अपनाउनुहुन एवं पहिरोको जोखिम भएका स्थानका व्यक्तिहरू सुरक्षित स्थानमा सर्नुहुन अनुरोध गर्दछु ।

खासगरी गोगँर-लामाबगर सडक खण्डमा यस अघिको वर्षाको कारण जमिन धाँजा फाटेको र धस्सिएको अवस्था देखिएकोले आगामी दिनमा ठूलो वर्षात भई ठूलो पहिरो गएको खण्डमा गोगँर-जगत-सिँगटी बजार लगायतका नदि तटीय स्थानमा ठूलो क्षति हुने संभावना रहेकोले अझै केही दिन उच्च सतर्कता अपनाउनुहुन अनुरोध गर्दछु ।

टुवराज पोखेल
प्रमुख जिल्ला अधिकारी